अर्जुनधारा नगरपालिका

## नगर कार्यपालिकाको बैठक

**बैठक संख्याः** १२/०७९/०८०　　　　　　　　　　**मितिः**२०७९/१०/१२

**अध्यक्षताः** नगर प्रमुख श्री बलदेवसिंह गोम्देन तामाङ्ग

**उपस्थितिः**

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री बलदेवसिंह गोम्देन तामाङ्ग | उपस्थित |
| उप प्रमुख | श्री खड्गमाया पराजुली | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १ | श्री उपेन्द्र बस्नेत | अनुपस्थित |
| वडा अध्यक्ष,वडा नं २ | श्री नरेन्द्र कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ३ | श्री सिताराम भट्टराई | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ४ | श्री अम्बर बहादुर कटुवाल | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ५ | श्री गिताराज खड्का | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ६ | श्री हरिश्चन्द्र बास्तोला | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ७ | श्री गोविन्द प्रसाद खतिवडा | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ८ | श्री कुमार प्रसाद उप्रेती | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ९ | श्री भिष्म मिश्र | उपस्थित |
| वडा अध्यक्ष,वडा नं १० | श्री भूपेन्द्र नेउपाने | उपस्थित |
| वडा अध्यक्ष,वडा नं ११ | श्री खगेन्द्र इङ्गनाम | उपस्थित |
| कार्यपालिका सदस्य | श्री कौशिलाल परियार | उपस्थित |
| कार्यपालिका सदस्य | श्री गौरीमाया चिमरीया | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्र कुमारी तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री चन्द्रमाया तामाङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | श्री नरेन्द्रबहादुर राई | अनुपस्थित |
| कार्यपालिका सदस्य | श्री मुना खत्री | उपस्थित |
| कार्यपालिका सदस्य | श्री विमला रोक्का | उपस्थित |
| कार्यपालिका सदस्य | श्री सन्तोष मेचे | उपस्थित |
| सचिव, प्रमुख प्रशासकीय अधिकृत | श्री गीताकुमारी राई | उपस्थित |

(१) अघिल्लो कार्यपालिकाको बैठकको निर्णय तथा सोको कार्यान्वयनका सम्बन्धमा समिक्षा गरियो ।यस अघिको कार्यपालिकाको बैठकबाट यस नगरपालिकाको स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत उपभोक्ता समितिहरुबाट सञ्चालन हुने आयोजनाहरुको सम्झौताका लागि २०७९ पौष मसान्त सम्मको म्याद तोकिएकोमा केही योजना तथा कार्यक्रमहरुको सम्झौता हुन बाँकी रहेको देखिएको र ती योजनाहरु कार्यान्वयनको लागि समय समेत उपलब्ध हुने भएकाले सम्झौता हुन बाँकी आयोजनाहरुको सम्झौताका लागि २०७९ माघ मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

(२) <u>साझेदारीका कार्यक्रमका लागि सूचना प्रकाशन सम्बन्धमा ।</u>

अर्जुनधारा नगरपालिकाले कृषि तथा पशुविकासको क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघसस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले मिति २०७९/०६/१० गतेको नगर कार्यपालिकाको बैठकबाट स्वीकृत “साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०७९” अधिनमा रही आर्थिक वर्ष २०७९/८० देखि शुरु हुने गरी बहुवर्षिय/सालबसालीरुपमा  कृषि र पशुमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट आशय पत्र पेश गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

(३) <u>आवाश निर्माण सम्बन्धि निर्देशिका स्वीकृति सम्बन्धमा ।</u>

यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत विपन्न परिवारका लागि आवाश निर्माणका लागि रु २ करोड बजेट व्यवस्था भएकोमा उक्त कार्यक्रम सञ्चालनका लागि विपन्न परिवार आवाश निर्माण कार्यक्रम सञ्चालन निर्देशिका,२०७९ स्वीकृत गरी सोही निर्देशिका बमोजिम आवाश निर्माणको आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

(४) <u>शनिश्चरे अस्पतालको फार्मेशी सञ्चालन सम्बन्धमा ।</u>

यस अर्जुनधारा नगरपालिका अन्तर्गत सञ्चालित शनिश्चरे अस्पतालको फार्मेशी सञ्चालनका लागि साविकमा भएको सम्झौता बमोजिम नै रमेश फार्मेशीलाई २०७९ चैत्र मसान्तसम्मका लागि फार्मेशी सञ्चालनको म्याद नविरकण गर्ने निर्णय गरियो ।साथै, आगामी कार्यपालिकाको बैठकमा शनिश्चरे नगर अस्पताल व्यवस्थापन तथा सञ्चालन कार्यविधि पारित गरी सोही कार्यविधि बमोजिम जनशक्ति तथा अन्य व्यवस्थापन गरी आगामी २०८० बैसाख १ गतेबाट अस्पतालबाटै फार्मेशी सञ्चालन गर्ने निर्णय गरियो ।

(५) <u>समझदारी गर्ने सम्बन्धमा ।</u>

यस नगरपालिकामा कृषि पूर्वाधार सञ्चालन निर्देशिका तर्जुमा, कृषि डिजिटाइजेसन तथा दुग्ध क्षेत्रको विकास सम्बन्धि परियोजना सञ्चालनका लागि सहज परियोजना अन्तर्गत नेपाल कृषि बजार विकास कार्यक्रमसँग लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्न परियोजनासँग समझदारी पत्रमा हस्ताक्षर गरी कार्यक्रम सञ्चालन प्रक्रिया अघि बढाउने निर्णय गरियो ।उक्त कार्यक्रम सञ्चालनका लागि नगरपालिकाले

गर्नुपर्ने लागत साझेदारीको रकम नगरपालिकाको चालु आर्थिक वर्षको स्वीकृत कार्यक्रम अन्तर्गत प्रस्तावनामा आधारित कार्यक्रमबाट व्यहोर्ने निर्णय गरियो ।

**(६) सेवा करारका कर्मचारीहरुको करार नविकरण सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिकाको नगर कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका निकायहरुमा सेवा करारमा कार्यरत कर्मचारीहरुको करार अवधि २०७९ पौष मसान्तसम्म रहेकोमा निजहरुको सेवा करारको अवधि २०८० आषाढ मसान्तसम्म हुने गरी करार नविकरण गर्ने निर्णय गरियो ।

**(७) सडक बोर्ड नेपालमा प्रस्ताव पेश गर्ने आयोजनाहरुको छनौट गर्ने सम्बन्धमा ।**

आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि सडक बोर्ड नेपालको ६० प्रतिशत र यस अर्जुनधारा नगरपालिकाको ४० प्रतिशत लागत साझेदारीमा निम्न बमोजिम कालोपत्रे सडकहरु मर्मत आयोजना सञ्चालनका लागि नगरपालिकाको तर्फबाट लागत साझेदारीको प्रतिबद्धता सहित निम्न बमोजिमका सडकहरु छनौट गरी पठाउने निर्णय गरियो ।

१. अर्जुनधारा-११ को बसपार्क जाने कालोपत्रे सडक
२. चारपाने- नारायणचौक कालोपत्रे सडक
३. देउनिया- सुवासचौक हुँदै धौराली चोक जोड्ने कालोपत्रे सडक
४. मिलनचौक- कालिस्थान कालोपत्रे सडक
५. पुल्चोक-पुष्पालाल चौक कालोपत्रे सडक

**(८) मनोरञ्जन कर सम्बन्धमा ।**

अर्जुनधारा नगरपालिकाको आर्थिक ऐन, २०७९ तथा प्रदेश नं १ को आर्थिक ऐन बमोजिम यस अर्जुनधारा नगरपालिका क्षेत्र भित्र रहेका हलुवागढ पर्यापर्यटन क्षेत्र तथा सुखानी शहिद स्मृति पार्कमा प्रवेश गर्न पर्यटकबाट मनोरञ्जर कर संकलन गर्ने सम्बन्धमा सम्बन्धित समितिहरुसँग आवश्यक छलफल तथा समन्वय गरी नियमानुसार कर संकलन गर्ने आवश्यक प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**(९) तराई मधेश समृद्धि कार्यक्रमका लागि योजना छनौट गर्ने सम्बन्धमा ।**

तराई मधेश सूमृद्धि कार्यक्रम अन्तर्गत आगामी आर्थिक वर्ष २०८०/०८१ मा यस अर्जुनधारा नगरपालिकाका रहेका विपन्न परिवारका निम्ति नगरपालिकाले ५० प्रतिशत लागत साझेदारी गर्ने गरी रु ४ करोड बराबरको आवाश निर्माण सम्बन्धि आयोजना प्रस्ताव गरी पठाउने निर्णय गरियो ।

**(१०) अधुरो आयोजनाका लागि बजेट व्यवस्था सम्बन्धमा ।**

यस नगरपालिकाको चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत कार्यक्रम तथा कार्यपालिकाको बैठकको निर्णय बमोजिम निम्न बमोजिम आयोजनाहरुका लागि विनियोजित बजेटबाट आयोजना पूर्णता नहुने देखिएकाले ती योजनाहरुमा नगरपालि निम्न बमोजिम बजेट विनियोजन गर्ने निर्णय गरियो ।

१. अर्जुनधारा -५ मुसिचौक कल्भर्ट निर्माण, रु ६ लाख (मर्मत सम्भार कोषबाट बाट)
२. अर्जुनधारा-११, सालबाडी पार्क पूर्व कालिखोलामा पुल निर्माण, थप रकम रु ५ लाख ( प्रस्तावनामा आधारित शीर्षकबाट)
३. अर्जुनधारा-११ निर्माण लखन चौधरी घर जाने बाटोमा रहेको अधुरो कल्भर्ट थप रकम, रु ४ लाख (प्रस्तावनामा आधारित कार्यक्रम)

**(११) <u>ब्याक हो लोडर सञ्चालन अनुमति सम्बन्धमा ।</u>**

तराई मधेश समृद्धि कार्यक्रम अन्तर्गत अर्जुनधारा नगरपालिका वडा नं २ मा सञ्चालन भईरहेको टाङटिङ गोयाङ्ग खोला दोभान पूर्व तटबन्धन गर्न खोलामा बाँध बाध्नका लागि व्याक हो लोडर सञ्चालनका लागि अनुमति दिने निर्णय गरियो ।

**(१२) <u>विभुती मार्ग सडक कालोपत्रे सम्बन्धमा ।</u>**

अर्जुनधारा नगरपालिका वडा नं ६ मा रहेको विभुती मार्ग सडक कालोपत्रे गर्नका लागि नेपाल सरकारको समपूरक अनुदान तथा अर्जुनधारा नगरपालिकाको लागत साझेदारीमा कालोपत्रे गर्न ठेक्का आह्वान गरिएकोमा उक्त सडक कालोपत्रे गर्दा १२० मिटर नालादेखि नालासम्म कालोपत्रे गर्न बजेट अपुग भएकाले उक्त बाँकी भाग कालोपत्रे गर्नका लागि लागत साझेदारीको प्रतिबद्धता सहित स्थानीय उपभोक्ताबाट निवेदन प्राप्त भएकाले यस नगरपालिकाको साझेदारी कोषबाट रु ८ लाख विनियोजन गरी उक्त सडक कालोपत्रे गर्न बजेट विनियोजन गर्ने निर्णय गरियो ।